# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## लुम्बिनी प्रदेश कार्यालय
राप्ती उपत्यका, (देउखुरी), दाङ्ग।

**प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तथा पूर्ण शुल्कीय तर्फका सम्पूर्ण कार्यक्रमहरुको अपुग कागजात समयमै पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मितिः२०८२।०४।१८

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको आ.व ०८२/०८३ को लागि प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरुको आवेदन फाराम भर्ने सम्बन्धमा विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम उक्त आवेदन फारामहरु रुजु गर्ने क्रममा अपुग कागजातहरु UPLOAD गर्नुहुन भनी कमेन्ट भईरहेको जानकारी गराउदछौ।उक्त कमेन्ट MY REQUEST मा देखिने हुदा उक्त अपुग कागजपत्रहरु समयमै UPLOAD गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।भर्ना सम्बन्धि निर्देशिकाको परिच्छेद ५ नियम १७(३) "ग" मा उल्लेख गरिएको समयमा उक्त कागजातहरु प्राप्त हुन नआएमा आवेदन फाराम स्वतः अस्वीकृत हुने व्यहोरा जानकारी गराईन्छ । सरकारी/सामुदायिक विद्यालयहरुको हकमा पूर्ण शुल्कीय तर्फ प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८२।४।१६ च.न. २७२ को परिपत्र अनुसार निम्नलिखित कागजात पेश गर्नुपर्नेछः

- विद्यालय रहेको पालिकाबाट सामुदायिक/सरकारी विद्यालय खुलेको पत्र वा
- सम्बन्धित विद्यार्थीको SEE को प्रवेश पत्र वा
- सम्बन्धित सामुदायिक/सरकारी विद्यालयको सामुदायिक/सरकारी विद्यालय हो भनी खुलेको पत्र वा
- जिल्ला शिक्षा समन्वय ईकाईबाट सामुदायिक/सरकारी विद्यालय खुलेको पत्र वा
- सामाजिक विकास मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CHDC) ले प्रकाशन गरेको सामुदायिक/सरकारी विद्यालय सुचीमा रहेको विद्यालय ।

**निर्देशक**

**पुनश्चः वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको हकमा सम्वन्धित स्थानिय तहबाटनै सामुदायिक/सरकारी विद्यालय खुलेको पत्र हुनुपर्ने ।**